नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## गहवामाईमा चुनरी यात्रा

**मधेशदृष्टि**
**वीरगंज।**
नवरात्रको अवसरमा वीरगंजस्थित गहवामाईको दोस्रो चुनरी यात्रा आइतबार भब्यताका साथ भएको छ । विश्व हिन्दु परिषद् नेपालको आयोजनामा बडादसैँको पहिलो दिन घटस्थापनाका अवसर पारेर गहवामाइको चुनरी यात्रा निकालिएको हो । बाजागाजा र झाँकीसहित आइतबार दिउँसो २ बजे माईस्थान मन्दिर परिसरबाट सुरु भएको यात्रा महानगरको पुरानो बजार क्षेत्र परिक्रमा गरी आदर्शनगर, गीतामन्दिर हुँदै पुनः मन्दिर परिसरमा आएर समापन भएको थियो । शक्तिस्वरूपा देवीका आकर्षक झाँकी प्रदर्शन गर्दै निकालिएको यात्रामा वीरगंज महानगरका साथै आसपासका क्षेत्रका श्रद्धालु भक्तजनको उल्लेखनीय सहभागिता थियो। यात्रा आयोजक संस्थाका स्वयम् सेवकहरूले व्यवस्थित गरेको थियो भने यात्रालाई मध्यनजर गर्दै जिल्लास्थित सुरक्षा निकायले महानगर क्षेत्रको सुरक्षा व्यवस्था मजबुत बनाएका थिए।

● वर्ष ४ ● अंक ३०६ ● २०८३ साल असोज २६ गते सोमबार ● Monday 12, October 2026 ● सूर्योदय: बिहान ०५:५३ बजे ● सूर्यास्त: साँझ ०५:३१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# गगनको उदयपछि मधेशमा कांग्रेसको पुनरागमनको आशा, चुनौती पुरानै




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित भएपछि पार्टीभित्र नयाँ नेतृत्व र परिवर्तनको बहस चुलिएको छ । युवा पुस्ताको आकर्षण बढ्दै गएको चर्चा भइरहँदा कुनै समय कांग्रेसको बलियो आधारभूमि मानिने मधेशमा पनि पार्टीको पुनरागमनबारे बहस सुरु भएको छ। तर, नेतृत्व परिवर्तनले मात्रै मधेशमा खस्किएको जनाधार फर्काउन नसकिने विश्लेषकहरूको बुझाइ छ।

कांग्रेसको नयाँ नेतृत्वप्रति युवाहरूमा आशा देखिए पनि मधेशमा पार्टीले गुमाएको राजनीतिक पकड पुनः स्थापित गर्न संगठन सुदृढीकरण, स्थानीय नेतृत्वको सक्रियता र मधेशका मुद्दाप्रतिको स्पष्ट दृष्टिकोण आवश्यक देखिन्छ । महाधिवेशनपछि पार्टीले नयाँ अध्याय सुरु गरेको सन्देश दिएको छ, तर त्यसलाई जनमतमा रूपान्तरण गर्नु नेतृत्वका लागि मुख्य चुनौती हुनेछ।

लामो समय कांग्रेसको राजनीतिमा सक्रिय रहेर मधेशकेन्द्रित दल हुँदै हाल स्वतन्त्र रहेका खुसीलाल मण्डलका अनुसार कुनै समय कांग्रेस र मधेश एकअर्काका पर्यायजस्तै थिए । अहिले भने परिस्थिति बदलिएको छ।

‘एक समय यस्तो थियो, कांग्रेस भनेकै मधेश र मधेश भनेकै कांग्रेस हुन्थ्यो । तर, अहिले अवस्था पूरै उल्टिएको छ। मधेशले साथ नदिएपछि पार्टी निकै कमजोर बनेको छ,’ मण्डल भन्छन्।

कांग्रेसको स्थापनाकालदेखि नै मधेश पार्टीको महत्त्वपूर्ण राजनीतिक आधार रहँदै आएको थियो । बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालालगायत शीर्ष नेताहरूले मधेशलाई आफ्नो राजनीतिक आधारका रूपमा उपयोग गरेका थिए । उनीहरू विभिन्न समयमा मधेशबाट निर्वाचन जितेर देशको प्रधानमन्त्रीसमेत बने । तर, पछिल्ला वर्षहरूमा कांग्रेसको मधेशसँगको सम्बन्ध कमजोर हुँदै गएको छ । लामो समय कांग्रेसमा रहेर अहिले स्वतन्त्र रहेका जेपी गुप्ता यसलाई पार्टीको राजनीतिक दिशासँग जोड्छन् । उनका अनुसार मधेशका सवाललाई समेट्ने स्पष्ट एजेन्डाको अभाव कांग्रेस कमजोर हुनुको प्रमुख कारण हो।

‘मधेशमा कांग्रेस कमजोर हुनुको मुख्य कारण पार्टीसँग मधेशकेन्द्रित स्पष्ट एजेन्डा नहुनु नै हो,’ गुप्ता भन्छन्।

स्थानीय तहसम्म फैलिएको संगठन र प्रभावशाली नेतृत्व कांग्रेसको पुरानो शक्ति भएको उनी स्मरण गर्छन् । विगतमा जिल्ला, गाउँ र बस्ती तहसम्म कांग्रेसका प्रभावशाली नेताहरू सक्रिय रहने गरे पनि अहिले त्यो अवस्था नरहेको उनको विश्लेषण छ। पुराना नेताहरू निष्क्रिय हुँदै जाँदा पार्टीको स्थानीय पकडसमेत कमजोर बनेको उनी बताउँछन्।

सिरहाका बुद्धिजीवी डा. महादेव साह पनि कांग्रेसको संगठनात्मक कमजोरी र आन्तरिक अन्योललाई पार्टीको कमजोर अवस्थासँग जोड्छन् । उनका अनुसार पुराना पुस्ताका धेरै नेता अझै कांग्रेसमै रहे पनि सक्रिय राजनीतिमा उनीहरूको भूमिका घटेको छ। उनीहरूका सन्तान तथा नयाँ पुस्ताका कतिपय सदस्य अन्य दलतर्फ आकर्षित भएका छन्।

पार्टीभित्रको आन्तरिक विभाजनले पनि नेता–कार्यकर्तालाई अन्योलमा पारेको साहको बुझाइ छ । ‘पुराना नेताहरू अझै पनि शेरबहादुर देउवाकै पर्खाइमा देखिन्छन्,’ उनी भन्छन्, ‘गगन थापाप्रति युवाहरूको आकर्षण बढे पनि पुराना पुस्ताका नेताहरू देउवातिरै ढल्किएका छन्।’

**मधेशमा खुम्चिदै जनाधार**

मधेशमा कांग्रेसको कमजोर बन्दै गएको अवस्थालाई निर्वाचन परिणामले पनि देखाउँछ । गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशका ३२ प्रत्यक्ष सिटमध्ये कांग्रेसले एउटा सिटमा मात्रै जित हासिल गर्न सक्यो। कुनै समय कांग्रेसको बलियो आधार रहेको मधेशमा पार्टी यसरी खुम्चिनु उसको राजनीतिक यात्रामा गम्भीर चुनौतीका रूपमा देखिएको छ।

२०४८ सालपछि पटक–पटक सत्ताको नेतृत्वमा पुगेको कांग्रेसले मधेशमा आफ्नो प्रभाव क्रमशः गुमाउँदै गएको हो। २०५२ सालमा सुरु भएको माओवादी सशस्त्र द्वन्द्व र त्यसपछि विकसित राजनीतिक परिस्थितिले कांग्रेसको परम्परागत जनाधारमा असर पा¥यो। २०६२÷०६३ को जनआन्दोलन र शान्ति प्रक्रियापछि राष्ट्रिय राजनीतिमा आएको परिवर्तनसँगै मधेशमा पनि नयाँ राजनीतिक शक्तिहरूको उदय भयो।

विशेषगरी २०६३/०६४ को मधेश आन्दोलनले मधेशको राजनीतिक समीकरण बदलिदियो । मधेशकेन्द्रित दलहरूले क्षेत्रीय पहिचान, प्रतिनिधित्व र अधिकारका मुद्दालाई अगाडि बढाएपछि कांग्रेसको परम्परागत मताधारमा असर परेको विश्लेषण गरिन्छ । त्यसपछिका संविधानसभा निर्वाचनहरूमा पनि कांग्रेसले मधेशमा आफ्नो प्रभाव कायम राख्न संघर्ष गर्नुपरेको थियो।

२०७४ सालको निर्वाचनमा मधेशकेन्द्रित दलहरूको प्रभाव कमजोर हुँदै जाँदा कांग्रेसले पुनः आफ्नो स्थान सुधार्ने अवसर पाएको थियो। तर, त्यसपछि पनि पार्टीले स्थायी रूपमा जनाधार विस्तार गर्न सकेन। २०८२ भदौको जेनजी आन्दोलनले परम्परागत राजनीतिक दलहरूप्रति असन्तुष्टि बढाएपछि कांग्रेससमेत प्रभावित भयो । पछिल्लो निर्वाचनमा पार्टी एक सिटमा सीमित हुनुले मधेशमा उसको संगठन र जनसमर्थनको अवस्थाबारे थप प्रश्न उठाएको छ।

विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापा स्वयं सर्लाहीबाट पराजित हुनु पनि कांग्रेसका लागि मधेशमा देखिएको चुनौतीको एउटा उदाहरण बनेको छ।

१५औँ महाधिवेशनपछि कांग्रेसमा युवा पुस्ताको आकर्षण बढेको चर्चा भइरहेका बेला मधेशमा पार्टीको भविष्यबारे फरक–फरक धारणा देखिएका छन्। केहीले नयाँ नेतृत्वबाट पार्टीको पुनरुत्थानको सम्भावना देखेका छन् भने केहीले त्यसका लागि संगठनात्मक सुधार र स्थानीय नेतृत्वको सक्रियता अपरिहार्य रहेको बताएका छन्।

जेपी गुप्ताका अनुसार सामाजिक सञ्जाल र सञ्चारमाध्यममा देखिएको युवा आकर्षणलाई तत्काल निर्वाचनको परिणामसँग जोडेर निष्कर्ष निकाल्न सकिँदैन।

‘सामाजिक सञ्जाल र सञ्चारमाध्यमका रिपोर्ट हेर्दा कांग्रेसप्रति युवा आकर्षण बढेको त देखिन्छ, तर त्यसले निर्वाचनमा कस्तो प्रभाव पार्छ भन्ने कुरा समयक्रममै थाहा होला,’ उनी भन्छन्।

मधेशमा पुराना नेताहरू पुनः सक्रिय नहुँदासम्म र स्थानीय संगठन बलियो नबनाएसम्म कांग्रेसलाई पुरानै अवस्थामा फर्किन कठिन हुने उनको विश्लेषण छ।

मधेश प्रदेश सरकारको नेतृत्व कांग्रेसकै हातमा रहे पनि प्रदेश सरकारको नेतृत्व र प्रतिनिधिसभामा प्राप्त जनमतबीचको अन्तरले पार्टीसामु रहेको चुनौती स्पष्ट पार्छ । अब नयाँ सभापति थापाले मधेशका मुद्दालाई कसरी सम्बोधन गर्छन्, पुराना नेता तथा कार्यकर्तालाई कसरी सक्रिय बनाउँछन् र युवाको आकर्षणलाई संगठनमा कसरी जोड्छन् भन्ने कुराले कांग्रेसको आगामी राजनीतिक दिशा निर्धारण गर्नेछ।

मधेशमा कांग्रेसको पुनरागमनको सम्भावना नेतृत्व परिवर्तनमा मात्र निर्भर छैन । स्थानीय संगठनको पुनर्निर्माण, मधेशका राजनीतिक तथा सामाजिक मुद्दाप्रतिको प्रतिबद्धता र जनतासँगको सम्बन्ध सुधार्न सक्ने क्षमताले नै नयाँ नेतृत्वको प्रभाव परीक्षण गर्नेछ।

# राजनीतिमा नयाँ शक्ति निर्माणमा युवाको जोड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशका युवाहरूले मधेशी राजनीतिक दल र नेतृत्वको कार्यशैलीमाथि प्रश्न उठाउँदै नयाँ राजनीतिक शक्ति निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । समाजमा परिवर्तन आए पनि मधेशवादी दलहरूले समयअनुसार आफूलाई रूपान्तरण गर्न नसकेको भन्दै उनीहरूले नेतृत्व पुस्तान्तरण र राजनीतिक कार्यशैलीमा सुधारको आवश्यकता औँल्याएका हुन्।

शहीद संजय चौधरी स्मृति प्रतिष्ठानद्वारा आयोजित ‘मधेश: अबको बाटो’ संवाद कार्यक्रममा सहभागी युवा राजनीतिकर्मी तथा अभियन्ताहरूले मधेशको बदलिँदो सामाजिक, आर्थिक र राजनीतिक अवस्थाअनुसार नयाँ एजेन्डा र नेतृत्व विकास गर्नुपर्ने धारणा राखे।

हालै जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्यबाट राजीनामा दिएका विक्की यादवले मधेशवादी दलका नेतृत्वकर्ताहरूले आफ्नो नेतृत्व जोगाउनकै लागि अग्रगामी मोर्चा बनाएको आरोप लगाए।

पुराना दलहरू समाजको बदलिँदो आवश्यकता र आकांक्षाअनुसार परिवर्तन हुन तयार नभएको भन्दै उनले मधेशका युवाहरूले नयाँ ढंगले अघि बढ्नुपर्ने बताए।

जनअधिकार पार्टीका अध्यक्ष डा. शरदसिंह यादवले मधेशको राजनीतिक कमजोरीलाई स्थानीय उत्पादनको उदाहरणसँग जोड्दै सप्तरीको आँप र बरमझियाको पेडासमेत ब्रान्डिङ गर्न नसक्नु मधेशी राजनीतिको असफलता भएको टिप्पणी गरे। मधेशमा आफ्नै उत्पादन, पहिचान र सम्भावना हुँदाहुँदै पनि तिनलाई व्यवस्थित रूपमा बजारमा स्थापित गरी आर्थिक अवसरमा रूपान्तरण गर्न नसकिएको उनको भनाइ थियो।

जनता लोकतान्त्रिक पार्टीका अध्यक्ष अशोक यादवले मधेशी राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर रहेको बताए । आन्तरिक लोकतन्त्रको अभाव र कार्यशैलीका कारण पुराना मधेशी दलहरू विघटनको संघारमा पुगेको उनको टिप्पणी थियो।

जनता समाजवादी पार्टी नेपालका सचिव सुरेश मण्डलले ७५ वर्षको राजनीतिक यात्रामा पनि मधेशी राजनीतिले एउटा सशक्त पार्टी निर्माण गर्न नसकेको बताए । उनले मधेशको राजनीतिक उपलब्धि र कमजोरीको समीक्षा गर्दै बलियो राजनीतिक संगठन निर्माण गर्नुपर्ने आवश्यकतामाथि जोड दिए।

युवा अभियन्ता आभाष गुरुले मधेशका लागि स्वशासनसँगै सुशासन पनि उत्तिकै आवश्यक रहेको बताए।

संविधानसभा सदस्य विमल केडियाले मधेशको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थाबारे तथ्यमा आधारित बहस गर्न अनुसन्धान र तथ्याङ्कमा आधारित आधार तयार गर्नुपर्ने धारणा राखे।

पत्रकार स्नेहा झाले वर्तमान समयअनुसार मधेशले आफ्ना राजनीतिक एजेन्डा तय गर्न नसकेको बताइन् । बदलिँदो समय र परिस्थितिलाई ध्यानमा राख्दै नयाँ नेतृत्वले मधेशका एजेन्डा पुनःनिर्धारण गर्नुपर्ने उनको भनाइ थियो।

प्रतिष्ठानका संरक्षक संजय यादवले पुराना राजनीतिक दल र नेताहरूप्रति जनविश्वास कमजोर हुँदै गएको टिप्पणी गर्दै मधेशमा नयाँ अभियानमार्फत राजनीतिक शक्ति निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए।

प्रतिष्ठानकी अध्यक्ष तथा शहीद संजय चौधरीकी बहिनी ममता चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका नेता सन्तोष मेहता, गायक रविराज साह, नेता तथा गायक आभाष लाभ, पत्रकार प्रतिमा चौधरी, उपप्राध्यापक रामबाबु मण्डल, मनिष मण्डल, रमण कर्णलगायत युवा राजनीतिकर्मी तथा अभियन्ताहरूको सहभागिता थियो।

# बुढीगण्डकीमा बाढी: १० बेपत्ता, १०० घर बगे

**गोरखा।**
बुढीगण्डकी नदीमा आइतबार बिहानको बाढी चुम्चेत नजिक पहिरोले नदी थुनिएर बनेको अस्थायी अवरोध फुट्दा आएको हुनसक्ने प्रारम्भिक आकलन गरिएको छ। एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड) ले नेपालका सरकारी निकायबाट सार्वजनिक भएका प्रारम्भिक विवरणको समीक्षा गर्दै पहिरोले नदीको बहाव रोकेपछि बनेको अस्थायी अवरोध भत्किएर बाढी आएको हुन सक्ने जनाएको हो। इसिमोडका अनुसार आइतबार बिहान नेपाली समयअनुसार करिब ४ बजे बाढी सुरु भएको अनुमान छ। बाढीले बुढीगण्डकी नदीको तटीय क्षेत्रमा लेदो, गेग्रान र अन्य भग्नावशेष बगाएको थियो । पानीको सतहमा उतारचढाव आएपछि बुढीगण्डकी, त्रिशूली र नारायणी नदी प्रणाली आसपासका बासिन्दालाई सतर्क गराइएको थियो।

बाढीका कारण केही व्यक्ति बेपत्ता भएका, घर बगेका, पुलमा क्षति पुगेको तथा नदी किनारका पूर्वाधार प्रभावित भएको प्रारम्भिक विवरण प्राप्त भएको छ । गोरखाको सल्लेरीस्थित ३४१ मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको क्षेत्रमा समेत क्षति पुगेको छ। क्षतिको विस्तृत विवरण सङ्कलन भइरहेको छ भने खोज तथा उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण र राहतका काम जारी छन्।



इसिमोडका महानिर्देशक पेमा ग्याम्छोले रसुवा–ग्यिरोङ विपद्को केही समयपछि भएको यो घटनाले पर्वतीय क्षेत्रका समुदाय र नदी करिडोरमा रहेका बस्ती प्राकृतिक विपद्को उच्च जोखिममा रहेको पुनः देखाएको बताए।

इसिमोडका जलवायु तथा वातावरणीय जोखिमसम्बन्धी रणनीतिक नेतृत्वकर्ता छियाङगङ झाङले प्रारम्भिक विश्लेषणले पहिरोले बनाएको अस्थायी नदी अवरोध फुटेर गेग्रानयुक्त बाढी आएको हुनसक्ने देखाएको बताए। उनका अनुसार भिरालो पर्वतीय जलाधार क्षेत्रमा पहिरो र नदी प्रणालीको एकीकृत अनुगमन आवश्यक छ। यस्ता क्षेत्रमा विपद् छिटो विकसित हुनसक्ने र त्यसको प्रभाव नदीको तल्लो तटीय क्षेत्रसम्म पुग्नसक्ने भएकाले जोखिमको समग्र मूल्याङ्कन गर्नुपर्ने उनको भनाइ छ।

**सन् २०२४ को बाढीसँग पनि समानता**

बुढीगण्डकी क्षेत्रमा पछिल्लो बाढी सन् २०२४ को अप्रिलमा भएको अर्को ठूलो बाढीजन्य घटनापछि आएको हो । त्यतिबेला मनास्लु हिमनदीको अग्रभागबाट ठूलो हिमपहिरो खस्दा वीरेन्द्र तालको पानी विस्थापित भई बुढीगण्डकी नदीमा अचानक बहाव बढेको थियो ।

इसिमोडको नेतृत्वमा गरिएको विस्तृत अध्ययनले यो घटना हिमताल विस्फोटजन्य बाढी (ग्लोफ) नभई हिमपहिरोका कारण तालको पानी विस्थापित भएर आएको निष्कर्ष निकालेको थियो।

यी दुई घटनाले हिमाली नदी प्रणालीमा विभिन्न प्रकारका प्राकृतिक प्रक्रियाले विनाशकारी बाढी निम्त्याउन सक्ने देखाएको इसिमोडले जनाएको छ। इसिमोडका अनुसार भविष्यमा जोखिम न्यूनीकरण, पूर्वाधार योजना तथा पुनःस्थापनाका काम गर्दा पहिरो, नदीको बहाव, जोखिममा रहेका बस्ती र पूर्वाधार तथा विपद्का श्रृङ्खलाबद्ध प्रभावलाई एकीकृत रूपमा ध्यान दिन आवश्यक छ।

**गाउँ जाने पुल बगायो, सय बढी घर बगे**

बूढीगण्डकी बाढीमा परी उत्तरी गोरखाका १ सय बढी

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय

## जनमत पार्टीको राजनीतिक मोड:

# सम्भावना र चुनौतीको दोबाटो

जनमत पार्टीले हालै वीरगंजमा सम्पन्न गरेको राष्ट्रिय महाधिवेशन राजनीतिक वृत्तमा एक महत्त्वपूर्ण अभ्यास थियो। तर, ठीक त्यही समयमा राजधानी काठमाडौँमा जारी नेपाली कांग्रेसको महाधिवेशन र त्यसले सिर्जना गरेको राष्ट्रिय बहसका कारण जनमतको महाधिवेशनले पाउनुपर्ने जति मिडिया र जनमानसमा चर्चा पाउन सकेन। संसद् र सडक दुवैतर्फ सक्रिय देखिएको एउटा नयाँ र उदीयमान दलका लागि महाधिवेशनको ओझेलमा पर्नु प्रचार रणनीति र ‘राजनीतिक टाइमिङ’का हिसाबले पहिलो पाठ बनेको छ।

पार्टीका अध्यक्ष डा. सीके राउतले महाधिवेशनपछि सोसल मिडिया (फेसबुक) मार्फत संगठनको भागबण्डा र जिम्मेवारी बाँडफाँट सार्वजनिक गर्ने शैली अपनाएका छन् । पार्टीमा पारदर्शिता अपनाउने प्रयासस्वरूप गरिएको भनिए पनि फेसबुकबाट संगठन विभाजन र पद बाँड्ने यो अपरिपक्व शैलीले पार्टीको संस्थागत प्रणालीमाथि नै प्रश्न उठाएको छ। नीति निर्माण, केन्द्रीय कमिटीको छलफल र आन्तरिक लोकतन्त्रभन्दा शीर्ष नेतृत्वको सामाजिक सञ्जालको स्टेसनबाटै निर्णय सार्वजनिक हुनुले दलभित्र व्यक्तिवादी हाबी रहेको झझल्को दिन्छ।

संगठन विस्तारको दाबी गरिए पनि पार्टी संरचनामा प्रादेशिक र जातीय सन्तुलन मिलाउन जनमत चुकेको देखिन्छ। मधेश प्रदेश र मधेशी समुदायका अनुहारहरूले प्राथमिकता पाए पनि बाँकी छ वटा प्रदेशमा आशातीत रूपमा मानिसहरू समेटिन सकेका छैनन्। राष्ट्रिय पार्टी बन्ने महत्वाकांक्षा बोकेको दलका लागि केवल एउटा भूगोल वा समुदायमा मात्र सीमित हुनु दीर्घकालीन हितमा हुँदैन । मधेशभन्दा बाहिर आफ्नो आधार फैलाउन नसक्नु र क्षेत्रीय घेराभन्दा माथि उठ्न नसक्नु जनमतका लागि गम्भीर सांगठनिक चुनौती हो।

अर्कोतर्फ, सत्ता राजनीति र सुशासनको कसम खाएर मधेश प्रदेश सरकारको नेतृत्व सम्हालेको जनमत पार्टी सरकार सञ्चालनका मामलामा समेत सोचेजस्तो सफल हुन सकेको छैन।

मन्त्रालय विभाजन, गठबन्धनको तानातान र कार्यशैलीमा आएको विचलनका कारण उसले डेलिभरी दिन सकेन । वैकल्पिक र क्रान्तिकारी राजनीतिको नारा दिएर उदाएको दलले पुरानै दलहरूको शैली दोहो¥याउँदा जनतामा निराशा पैदा भएको छ। सरकारमा बसेर अपेक्षाकृत परिणाम दिन नसक्नुले उसको राजनीतिक साखमा ह्रास ल्याएको छ।

यस्तो अवस्थामा अब जनमत पार्टीको आगामी राजनीति कसरी अघि बढ्ला भन्ने प्रश्न अहम् बनेको छ। यदि जनमतले आफ्नो राजनीतिक यात्रा जोगाउने र फैलाउने हो भने सर्वप्रथम फेसबुकमुखी राजनीति छाडेर संस्थागत निर्णय प्रक्रिया सुदृढ गर्नुपर्छ। मधेशकेन्द्रित पहिचानबाट माथि उठेर छ वटै प्रदेशमा समावेशी नेतृत्व निर्माण गर्नु र मधेश सरकार सञ्चालनमा ठोस सुधार ल्याउनु उसको पहिलो शर्त हुनुपर्छ। पुरानै ढाँचाको सत्तामोह र प्रचारमुखी शैली कायम रहेमा जनमत पार्टी पनि नेपाली राजनीतिको अर्को क्षणिक प्रयोग मात्र बनेर हराउने जोखिम उत्तिकै छ।

## नेपालीको महान् पर्व बडादसैँ सुरु,

# आज घटस्थापना गरिँदै

–पूर्णप्रसाद मिश्र/रासस



प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि विधिवत् आरम्भ गरिने नेपालीको महान् पर्व बडादसैँ आइतबारदेखि सुरु भएको छ।

यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाउने गरिन्छ । बडादसैँको पहिलो दिन आज घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ। पूजा कोठा वा दसैँ घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ।

आइतबार बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैँ घरमा विधिपूर्वक राखेर त्यसमाथि यव अर्थात् जौँ रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ। यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ।

जमरामा जौँबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले बताउनुभयो। कुल परम्पराअनुसार कसैले अन्य अन्न पनि जौँसितै रोप्ने गरेका छन् । जमरालाई आयुर्वेदिक औषधिमा समेत प्रयोग गरिन्छ।

**घटस्थापनाको साइत ११:४७ बजे**

आइतबार विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना पनि भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ। घटस्थापनाको साइत बिहान ११:४७ बजे रहेको समितिले जनाएको छ । आज दिनभर चित्रा नक्षत्र परेकाले शास्त्रीय वचनअनुसार मध्याह्नकालमा अभिजित् मुहूर्तको साइत घटस्थापनाका लागि दिइएको समितिका अध्यक्ष सह प्रा.डा. पुरुषोत्तम भट्टराईले बताउनुभयो।

सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यताअनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो। केही मानिसले सामाजिक सञ्जालमा घटस्थापना सोमबार गर्ने भनी गरेको हल्लाखल्ला शास्त्रसम्मत नहुने पनि उहाँले सुनाउनुभयो।

दुर्गा देवीका तीनवटा रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ। महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकका रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीजलगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आराधना गर्ने गरिन्छ। आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ।

**नौ दिन नौ दुर्गाको पूजा**

यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी र नवौँ दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ। यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ। दुर्गा पूजा र दसैँ पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् एवं समितिका पूर्वअध्यक्ष गौतमले बताउनुभयो । दसैँ पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ।

दुर्गाको प्रतीकका रूपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै गरी नौवटी कन्याको पूजासमेत गर्ने गरिन्छ । यसरी पूजा गरिने कन्या दुई वर्षमाथिका हुनुपर्ने शास्त्रीय विधान छ।

बडादसैँको सातौँ दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ। महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैँ घर, कोत र शक्तिपीठमा बलिसहित विशष पूर्जा गर्छन्।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिहरूको पाठपारायण पनि गर्ने गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीडसमेत लाग्ने गरेको छ।

**विजयादशमीको साइत कात्तिक ४ गते १०:२६ बजे**

नवरात्र भनेर चिनिने दसैँ नौ रात र १० दिनको हुन्छ । आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई कात्तिक ४ गते बुधबार विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र पूmल प्रसाद ग्रहण गर्ने गरिन्छ।

कात्तिक ४ गते देवी विसर्जनको साइत बिहान ८:४९ बजे रहेको समितिले जनाएको छ। टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १०:२६ बजेको साइत उत्तम छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ।

विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ। पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ । आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

**हनुमानढोकाको दसैँ घरमा विशेष पूजा**

परम्पराअनुसार काठमाडौँको हनुमानढोका दरबारमा रहेको दसैँ घरमा आजैदेखि वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु हुन्छ। आइतबार बिहान चित्रा नक्षत्र र वैधृति योगको पूजा एवं हवन गरी समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख जयन्ती श्रेष्ठ प्रधानले बताउनुभयो।

रोजगारी, अध्ययन एवं अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिसहरू दसैँको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन् । यसैले बडादसैँलाई पारिवारिक पुनर्मिलनको पर्वका रूपमा समेत लिइन्छ।

धेरैजसो शैक्षिक संस्थाले दसैँका अवसरमा आजैदेखि सार्वजनिक बिदा दिने गरेका छन् । यसैकारण राजधानी र सहरी क्षेत्रबाट आ–आफ्ना थातथलो फर्कने मानिसको लाम देखिन्छ।

# विपन्न परिवारका किशोरी बालविवाहको जोखिममा

–प्रकाश सिलवाल/रासस



संयुक्त राष्ट्रसङ्घले यस वर्षको अन्तरराष्ट्रिय बालिका दिवसका लागि ‘बालविवाह अन्त्य गरौँ र बालिकाको अधिकारमा लगानी गरौँ’ भन्ने विषयलाई प्राथमिकतामा राखेको छ। राष्ट्रसङ्घको यो नारा नेपालजस्ता अल्पविकसित मुलुकका लागि सान्दर्भिक मानिएको छ।

हरेक वर्ष अक्टोबर ११ तारिखमा मनाइने यो दिसवका अवसरमा बालिकाको अधिकार संरक्षण, सशक्तीकरण तथा बालविवाह अन्त्यको सन्देश प्रवाह गरिएको छ । तर बालिकालाई भविष्यको निर्णय आफैँ गर्न सक्ने वातावरण निर्माण गर्नु चुनौतीपूर्ण देखिएको छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था रहेको छ भने मुलुकली अपराधसंहिता, २०७४ को दफा १७३ मा २० वर्ष नपुगी गरिने विवाहलाई दण्डनीय मानेको छ।

विश्वव्यापी रूपमा १८ वर्ष उमेर नपुग्दै विवाह गर्ने बालिकाको अवस्था अझै चुनौतीपूर्ण छ। उपलब्ध अन्तरराष्ट्रिय अनुमानअनुसार हाल जीवित महिला तथा बालिकामध्ये करिब ६५ करोडले बाल्यावस्थामा विवाह गरेका छन् । विश्वमा प्रत्येक पाँचमध्ये एक बालिका १८ वर्ष नपुग्दै विवाहको बन्धनमा पर्ने गरेको तथ्याङ्क छ।

नेपाल बहुसूचक सर्वेक्षण (एनएमआइसिएस) सन् २०१४, सन् २०१९ र सन् २०२४–२५ का तथ्याङ्कको विश्लेषणमा आधारित प्रतिवेदनले बालविवाह न्यूनीकरणमा भएको प्रगतिसँगै यसलाई पूर्ण रूपमा अन्त्य गर्न थप लक्षित प्रयासको आवश्यकता औँल्याइएको छ।

नेपालमा पछिल्लो एक दशकमा बालविवाहको दर घटे पनि अति विपन्न परिवारका किशोरी अझै बढी जोखिममा रहेको संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को एक प्रतिवेदनले देखाएको छ। अन्तरराष्ट्रिय बालिका दिवसका अवसरमा युनिसेफले सार्वजनिक गरेको ‘नेपालमा बालविवाह अन्त्यका लागि एक दशकको तथ्याङ्क र एक आह्वान’ नामक नयाँ पैरवी प्रतिवेदनअनुसार २० देखि २४ वर्ष उमेर समूहका १८ वर्ष नपुग्दै विवाह भएका महिलाको अनुपात सन् २००४ मा ३७ प्रतिशत रहेकामा सन् २०२४–२५ मा घटेर २८ प्रतिशतमा झरेको छ। त्यस्तै, १५ वर्ष नपुग्दै विवाह भएका किशोरीको अनुपात १० प्रतिशतबाट घटेर पाँच प्रतिशतमा पुगेको छ।

हरेक वर्ष अक्टोबर ११ मा मनाइने अन्तरराष्ट्रिय बालिका दिवसका अवसरमा सार्वजनिक प्रतिवेदनले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने दिगो विकास लक्ष्य हासिल गर्न सरकार, विकास साझेदार, नागरिक समाज र समुदायको संयुक्त प्रयास आवश्यक रहेको उल्लेख गरेको छ । यस वर्षको विश्वव्यापी नाराले बालविवाह अन्त्य गर्न र बालिकाको अधिकार सुनिश्चित गर्न लगानी बढाउनुपर्नेमा जोड दिएको छ।

प्रतिवेदनअनुसार नेपालमा बालविवाह घट्नुका साथै बालिकाको विद्यालयमा पहुँच बढेको र विवाह गर्ने औसत उमेरमा वृद्धि भएको छ। सन् २००१ मा पहिलो विवाहको औसत उमेर १७ वर्ष रहेकामा सन् २०२४–२५ मा बढेर १० दशमलव छ वर्ष पुगेको राष्ट्रिय बालअधिकार परिषद्का कार्यक्रम अधिकृत रामबहादुर चन्दले जानकारी दिनुभयो।

उहाँका अनुसार बालविवाह न्यूनीकरणको प्रगति सबै सामाजिक तथा आर्थिक समूहमा समान रूपमा देखिएको छैन । प्रतिवेदनले गरिबीलाई बालविवाहको प्रमुख जोखिमका रूपमा औँल्याउँदै विपन्न परिवारका किशोरीमा तुलनात्मक रूपमा धनी परिवारका किशोरीको भन्दा १८ वर्षअघि विवाह हुने सम्भावना चार दशमलव चा गुणा बढी रहेको जनाएको छ । पछिल्ला वर्षमा विपन्न परिवारमा बालविवाहको दरमा खासै सुधार नदेखिए पनि धनी परिवारमा भने उल्लेख्य सुधार भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले बालविवाह न्यूनीकरणमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको पनि औँल्याएको छ। माध्यमिक शिक्षा पूरा गर्ने बालिकामा १८ वर्षअघि विवाह हुने जोखिम कम देखिए पनि बालविवाहको उच्च जोखिममा रहेका किशोरी नै गरिबी तथा अन्य समस्याका कारणबीचमै विद्यालय छाड्न बाध्य हुने सम्भावना बढी रहेको उल्लेख गरिएको परिषद्का कार्यक्रम अधिकृत चन्दले बताउनुभयो।

बालविवाहले बालिकाको शिक्षामा निरन्तरता, स्वास्थ्य, व्यक्तिगत स्वतन्त्रता र आर्थिक आत्मनिर्भरतामा असर पार्ने गरेको छ । कम उमेरमा विवाह र गर्भधारणका कारण धेरै बालिका विद्यालय शिक्षा पूरा गर्नबाट वञ्चित हुने तथा भविष्यमा रोजगारी र नेतृत्वका अवसर प्राप्त गर्न कठिनाइ भोग्ने गरेका छन्।

दिवसका अवसरमा बालिकाको शिक्षा र अधिकार संरक्षणसँगै उनीहरूलाई सामाजिक, राजनीतिक तथा जलवायु परिवर्तनसम्बन्धी छलफल र निर्णय प्रक्रियामा सहभागी गराउनुपर्नेमा जोड दिइएको छ। बालिकाको नेतृत्वमा सञ्चालित सञ्जाल, नागरिक समाजका सङ्घसंस्था र स्थानीय कार्यक्रमलाई प्रोत्साहन गर्नु पनि यस वर्षको प्राथमिकतामा रहेको छ।

बालविवाह अन्त्य गर्न कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन, परिवार तथा समुदायमा सचेतना, बालिकाको शिक्षामा लगानी र जोखिममा रहेका परिवारलाई सहयोग आवश्यक मानिएको छ । बालिकालाई सुरक्षित वातावरण, समान अवसर र आफ्नो जीवनबारे निर्णय गर्ने अधिकार उपलब्ध गराउनु बालविवाह न्यूनीकरणको महत्वपूर्ण आधार रहेको अधिकारकर्मीको भनाइ छ।

यसैगरी, बाढीलगायत जलवायुजन्य विपद्ले बालिकाको शिक्षामा अवरोध पुर्याउनुका साथै परिवारको आयआर्जनमा असर पार्न सक्ने र जोखिममा रहेका परिवारको आर्थिक कठिनाइ बढाउन सक्ने प्रतिवेदनले जनाएको छ। यस्ता परिस्थितिले बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको जोखिम बढाउन सक्ने भएकाले विपद्पछिको पुनःस्थापना र संरक्षणका कार्यक्रममा बालिकाको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने परिषद्का कार्यक्रम अधिकृत चन्दले बताउनुभयो।

प्रतिवेदनले बालविवाह अन्त्य गर्न अति विपन्न परिवारका बालिकालाई प्राथमिकतामा राखेर सहयोग गर्ने, किशोरावस्थासम्म विद्यालयमा टिकाइराख्ने, बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउने तथा बालविवाहलाई प्रोत्साहन गर्ने नकारात्मक सामाजिक सोच र व्यवहार परिवर्तनका कार्यक्रमलाई तीव्रता दिनुपर्ने सुझाव दिएको छ । तीनै तहको सरकार मिलेर नागरिक सङ्घसंस्थासँगको सहकार्यमा बालविवाह अन्त्यका लागि सरकारले थप पहल गर्नुपर्नेमा परिषद्का कार्यक्रम अधिकृत चन्दले जोड दिनुभयो।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाह गर्ने विद्यमान उमेर घटाउँदा शैक्षिक, मानसिक, आर्थिक र सामाजिकका साथै प्रजनन् स्वास्थ्यमा प्रतिकूल असर पर्ने अध्ययनहरूबाट देखिएको बताउनुभयो । उहाँले चीन, दक्षिण कोरिया, भारतलगायत मुलुकमा पनि २० वर्षपछि नै विवाहको कानुनी प्रबन्ध भएको दृष्टान्त दिनुभयो । अधिकारकर्मी धितालले नेपाल सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनका लागि सबै तहका सरकार, निजी क्षेत्र र सञ्चारकर्मीले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)का अध्यक्ष तिलोत्तम पौडेलले ‘विहेवारी २० वर्ष पारी अभियान’ लाई आफूले जोड दिँदै आएको जनाउँदै विवाह गर्ने उमेरलाई घटाएर १८ वर्ष ल्याउन कतिपय पक्षले दबाब लिए पनि त्यस्तो प्रस्ताव अघि बढ्न नहुने स्पष्ट गर्नुभयो। उहाँले सङ्कटका समयमा बालविवाह, बालश्रम र बालबालिका बेचबिखनजस्ता जोखिम बढ्न सक्ने भन्दै त्यसतर्फ सरोकारवालाको ध्यानाकर्षण गराउँदै विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन, मनोविमर्श र सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# नारायणी वाङ्मय प्रतिष्ठानको अध्यक्षमा महेशचन्द्र गौतम सर्वसम्मत

**मधेशदृष्टि**
**वीरगंज।**
नारायणी वाङ्मय प्रतिष्ठानको नयाँ अध्यक्षमा महेशचन्द्र गौतम सर्वसम्मत चयन भएका छन् । प्रतिष्ठानको वार्षिक साधारण सभाले यसअघि सचिवको जिम्मेवारीमा रहेका गौतमलाई अध्यक्षमा चयन गर्दै नयाँ कार्यसमिति गठन गरेको हो । प्रतिष्ठानका अध्यक्ष डा. विश्वम्भर कुमार शर्माको अध्यक्षतामा सम्पन्न साधारण सभाले उपाध्यक्षमा कविता खड्का, सचिवमा सुरेश बिडारी र कोषाध्यक्षमा अजमत अली अन्सारीलाई चयन गरेको छ।



त्यसैगरी, कार्यसमिति सदस्यमा गीता भण्डारी, सूर्य शुभचिन्तक, रेणु गुप्ता, देवी सापकोटा, नवराज रिजाल, किशुन दयाल श्रीकृष्ण र देवराज खरेल चयन भएका छन्।
नयाँ नेतृत्व चयनसँगै प्रतिष्ठानलाई साहित्यिक गतिविधिमा थप सक्रिय बनाउने, पठन संस्कृतिको विकास गर्ने र नयाँ पुस्तालाई साहित्यसँग जोड्ने विषयमा पनि जोड दिइएको छ।
साधारण सभालाई सम्बोधन गर्दै प्रतिष्ठानका संस्थापक एवं वरिष्ठ सल्लाहकार जगदिश शर्माले साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै संस्थाको गरिमा र प्रतिष्ठा अझ उचाइमा पुऱ्याउनुपर्ने बताए।
साहित्यकार गणेशप्रसाद लाठले वीरगंजमा पठन संस्कृतिको विस्तार गर्दै युवापुस्तामा साहित्यप्रतिको रुचि बढाउनुपर्ने धारणा राखे।
उनले पुस्तक मेलालगायत साहित्यिक कार्यक्रम नियमित आयोजना गर्न र पर्यावरण तथा प्रकृतिका विषयलाई समेत साहित्यिक सिर्जनासँग जोड्न सुझाव दिए।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले व्यापारिक सहरका रूपमा परिचित वीरगंजको साहित्यिक पहिचान संरक्षण तथा प्रवर्द्धनमा प्रतिष्ठानले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए । प्रतिष्ठानलाई वीरगंजमा मात्र सीमित नराखी मधेश प्रदेशसँगै मकवानपुर र चितवनका साहित्यकारलाई समेत समेट्ने संस्थाका रूपमा विकास गर्नुपर्ने उनको सुझाव थियो।
कार्यक्रममा नेपाल पत्रकार महासंघको केन्द्रीय लेखा समितिका संयोजक केसी लामिछाने, महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा र पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नवनिर्वाचित अध्यक्ष गौतमले अग्रज साहित्यकारको सम्मान गर्दै उनीहरूका सुझाव र अनुभवलाई आत्मसात् गरी सहकर्मीसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए।
नयाँ पुस्तालाई साहित्यप्रति आकर्षित गर्नुका साथै प्रतिष्ठानलाई थप सुदृढ, सक्रिय र प्रभावकारी संस्थाका रूपमा स्थापित गर्न आफूले पहल गर्ने उनले बताए।

# तरकारी बोकेको पिकअपबाट गाँजा बरामद

**मधेशदृष्टि**
**मोरङ।**
तरकारी बोकेर भारततर्फ जाँदै गरेको पिकअप गाडीबाट गाँजा बरामद भएको छ। शनिबार राति मोरङको जहदा हुँदै भारत जाँदै गरेको गाडीमा तरकारीभित्र लुकाएको अवस्थामा ५७० किलो गाँजा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको हो।
सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बीओपी) नोचाबाट खटिएको टोलीले शनिबार राति ११ बजेतिर जहदा गाउँपालिका–४ स्थित रामचोकबाट गाँजा बरामद गरेको हो । सशस्त्र प्रहरीका अनुसार



भारत तर्फ जान लागेको प्र १–०१–०० च ७४२२ नम्बरको भ्यानलाई सशस्त्र प्रहरीले रोक्न खोज्दा चालक गाडी छाडेर फरार भएका थिए।
त्यसपछि खानतलासी गर्दा स्कुस र बन्दाकोपीको बीचमा लुकाएर राखिएको १९ पोका गाँजा फेला परेको सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी गेहेन्द्रबहादुर भण्डारीले जानकारी दिए।

# भ्रष्टाचारको उजुरीपछि बुवा–छोरालाई...

फसाउने षड्यन्त्र गरिएको दाबी गरेका छन् । घटनाको वास्तविकता पत्ता लगाउन कार्यालयमा जडान गरिएका सीसीटीभी क्यामेराको फुटेज सुरक्षित राखी निष्पक्ष छानबिनका लागि सार्वजनिक गर्न उनले माग गरेका छन्।
उनका अनुसार भ्रष्टाचारसम्बन्धी उजुरी फिर्ता लिन विभिन्न माध्यमबाट दबाबसमेत दिइएको छ । आफू र आफ्ना बुवाविरुद्ध अभद्र व्यवहारको आरोप लगाइएको तथा जिल्ला प्रशासन कार्यालय पर्साको तोक आदेशमार्फत इलाका प्रहरी कार्यालय पोखरियामा पत्र पठाइएको पनि उनले बताएका छन्।
बिनयले उजुरीकर्तालाई नै दबाबमा पार्ने र झुटा मुद्दामा फसाउने प्रयास भएको आफ्नो दाबी गर्दै घटनामा संलग्न भनिएका व्यक्तिहरूमाथि निष्पक्ष अनुसन्धान गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

**बाटो नभएको कृषि जग्गाको कित्ताकाटमा अनियमितता भएको दाबी**

बिनयले तत्कालीन हरिहरपुर बिर्ता गाविस–१ अन्तर्गत सिट नम्बर १९३०१७८, कित्ता नम्बर १२२४ र २७०.८८ वर्गमिटर क्षेत्रफलको जग्गाको कित्ताकाट प्रक्रियामा अनियमितता भएको आरोप पनि लगाएका छन्।
उनका अनुसार उर्मिला देवी कुर्मीनको नामबाट राजीनामामार्फत कित्ताकाट गरी कायम गरिएको नयाँ कित्ता नम्बर १३५९ को जग्गा अमलापती हजामीनको नाममा रहेको छ । बाटोको पहुँच नभएको कृषि योग्य जग्गालाई प्रचलित नियमविपरीत कित्ताकाट गरिएको उनको दाबी छ।
उक्त जग्गाको कित्ताकाट कसरी र कुन कानुनी आधारमा गरिएको हो भन्ने विषयमा सम्बन्धित अभिलेख तथा निर्णय प्रक्रिया जाँच गर्नुपर्ने उनको माग छ । कित्ताकाटमा संलग्न कर्मचारीको भूमिकाबारे अनुसन्धान गरी अनियमितता पुष्टि भए कानुनअनुसार कारबाही गर्न उनले आग्रह गरेका छन्।

**उजुरीकर्तालाई नै दबाब, निष्पक्ष अनुसन्धानको माग**

भ्रष्टाचारसम्बन्धी उजुरीपछि आफू र परिवारमाथि दबाब सिर्जना गरिएको बिनयको आरोपले सरकारी कार्यालयमा हुने भनिएका अनियमिततामाथि प्रश्न उठाउने व्यक्तिको सुरक्षा र उजुरी प्रक्रियाको निष्पक्षताबारे चासो बढाएको छ । उनले घटनाको सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित कार्यालयका सीसीटीभी फुटेज सुरक्षित राख्न, उजुरीमा उल्लेख गरिएका विषयको निष्पक्ष छानबिन गर्न र दोषी प्रमाणित हुने कर्मचारीमाथि कानुनअनुसार कारबाही गर्न माग गरेका छन्। अनुसन्धान प्रभावित हुन नदिन आवश्यक देखिए आरोपित कर्मचारीलाई अनुसन्धान अवधिभर निलम्बन गर्नसमेत उनले आग्रह गरेका छन्।
अब अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग तथा सम्बन्धित प्रशासनिक निकायले उजुरीमाथि कस्तो अनुसन्धान गर्छन् र जग्गाको कित्ताकाट प्रक्रिया कानुनसम्मत थियो वा थिएन भन्ने विषयमा कस्तो निष्कर्ष निकाल्छन् भन्ने चासोको विषय बनेको छ।

# स्थापनाको ३१ वर्षपछि सुनचाँदी व्यवसायी संघको आफ्नै कार्यालय

**मधेशदृष्टि**
**जनकपुरधाम।**
स्थापना भएको ३१ वर्षपछि जनकपुरधाम सुनचाँदी व्यवसायी संघले विधिवत् रूपमा कार्यालय सञ्चालनमा ल्याएको छ। वि.सं. २०५२ मा स्थापना भएको संघले लामो समयपछि आफ्नै कार्यालय संचालनमा ल्याएको हो।
संघको स्थापना भएदेखि नै छलफल तथा बैठक गर्नुपर्दा कुनै व्यवसायीको पसलमा बस्नुपर्ने बाध्यता रहेको संघका अध्यक्ष राजीवकुमार साहले बताए । अध्यक्षमा निर्वाचित भएकै समयमा व्यवसायीमाझ गरेको प्रतिबद्धताअनुसार कार्यालय सञ्चालनमा ल्याउन सफल भएको उनले जानकारी दिए।



अध्यक्ष साहका अनुसार कार्यालय सञ्चालनमा आएसँगै संघका नियमित बैठक, व्यवसायीबीच छलफल तथा संस्थागत गतिविधि सञ्चालन गर्न सहज हुनेछ । यसअघि छलफलका लागि उपयुक्त स्थानको अभावमा व्यवसायीको पसलमा निर्भर हुनुपर्ने अवस्था रहेकामा अब त्यसको अन्त्य हुने अपेक्षा गरिएको छ।
कार्यालय उदघाटन कार्यक्रममा संघका पूर्व अध्यक्षहरु पवनकुमार ठाकुर, अमरनाथ गुप्ता, सल्लाहकार मनिषरमण साह, शंकरप्रसाद साह सहितको उपस्थिति रहेको थियो।

# कलैयामा यात्रु सहायता कक्ष

**मधेशदृष्टि**
**कलैया।**
चाडपर्वलाई लक्षित गर्दै यात्रुहरूको यात्रा सहज, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यले बाराको सदरमुकाम कलैयास्थित भरत चोकमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ।
बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले आइतबार एक कार्यक्रमबीच उक्त सहायता कक्षको उद्घाटन गरेका हुन्।
कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख, प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, घढिमाई यातायात प्रालिका अध्यक्ष देवानन्द साह लगायतले मन्तव्य व्यक्त गरेका थिए।
सो अवसरमा प्रमुख जिल्ला अधिकारी, अधिकारीले नागरिकको यात्रा सहज, सरल र सुरक्षित बनाउनु सहायता कक्ष स्थापनाको मुख्य उद्देश्य रहेको बताए।

# वडादशैं आइतबारदेखि सुरु



**मधेशदृष्टि**
**वीरगंज।**
नेपालीको महान् पर्व बडादसैँ आइतबारदेखि सुरु भएको छ । आश्विन शुक्ल प्रतिपदाका दिन आज घरघरमा विधिपूर्वक घटस्थापना गरी जमरा राखिएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार आइतबार घटस्थापनाको उत्तम साइत बिहान ११ बजेर ४७ मिनेटमा रहेको थियो । दसैँको पहिलो दिन घटस्थापनाका अवसरमा वीरगंजस्थित प्रसिद्ध गहवा माई मन्दिरमा बिहानैदेखि दर्शनार्थी तथा भक्तजनको बाक्लो घुइँचो लागेको छ । मधेश प्रदेशका विभिन्न शक्तिपीठ, मन्दिर तथा पूजा, पण्डालहरूमा समेत धार्मिक गतिविधि बढेसँगै दसैँको रौनक छाएको छ।
घटस्थापनाका दिन गहवा माई मन्दिरमा विशेष पूजाअर्चना, जमरा स्थापना, दियो, कलश तथा गणेशको पूजा गर्न श्रद्धालुहरू बिहानैदेखि पुगेका हुन् । दसैँभर मन्दिर परिसरमा धार्मिक अनुष्ठान, दुर्गा सप्तशती अर्थात् चण्डी पाठ तथा विशेष पूजाआराधना गरिने परम्परा छ।

# जनकपुर हत्या...

अनुसार घटनापछि सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा प्रहरी कर्मचारीको आचरणविपरीत व्यवहार देखिएकाले जवानलाई तानेर सोधपुछ तथा अनुसन्धान अघि बढाइएको हो।
'जनकपुरमा छुरा प्रहारको घटना भएपछि जवान ऋषि मण्डलको पनि भिडियो भाइरल भइरहेको छ । त्यो भिडियोमा प्रहरीको आचरणविपरीत व्यवहार भएको देखिन्छ,' डीआईजी भट्टले भने, 'यसपछि पर्साबाट तानेर गणमा उनीमाथि सोधपुछ तथा अनुसन्धान भइरहेको छ।'
डीआईजी भट्टका अनुसार यस विषयमा नेपाल प्रहरीसँग पनि समन्वय भइरहेको छ।
हत्याको घटनामा संलग्न आरोपीसँगको सम्बन्ध, हिंसात्मक अभिव्यक्ति समेटिएको भिडियोमा जवानको भूमिका र प्रहरी संगठनको आचरणविपरीत गतिविधि भए–नभएको विषय अनुसन्धानको दायरामा छ । अनुसन्धानबाट दोष र संलग्नता पुष्टि भएमा सम्बन्धित कानुन तथा संगठनको नियमअनुसार कारबाही हुने अपेक्षा गरिएको छ।

# बुढीगण्डकीमा बाढीः १० बेपत्ता...

घर बगेका छन् । आइतबार बिहान उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका–६ स्थित उङ्गिलुङ खोलामा सुक्खा पहिरो खसेको थियो । बिहान करिब ४ बजेतिर खसेको पहिरोले सो खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको बाढी पूर्वानुमान महाशाखाको भनाइ छ।
महाशाखाका अनुसार चुमनब्री–६ तुम्जेमा पहिरो जाँदा उङ्गिलुङ खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको हो । भू–उपग्रहले लिएको तस्बिरका अनुसार शनिबार साँझ नै पहिरो गएको महाशाखाको भनाइ छ।
उङ्गिलुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुर्याएको छ । चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुगेको हो । यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ।

दश जना सम्पर्कविहीन

बाढीमा परेर उङ्गिलुङ भेडीगोठमा बस्ने चुमनुब्री–६ चुन्चेतका पाँच जना सम्पर्कविहीन बनेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए । सोही क्षेत्रको धाउलेमा बस्ने तीन घरका पाँच जना पनि सम्पर्कविहीन रहेको स्थानीय दिपेश लामाको भनाइ छ।

**छ वटा पुल बगायो**

बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुई वटा मोटरेबल र चार वटा झोलुङ्गे पुल बगाएको उल्लेख छ।
गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो। यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिए।
बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका–१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ । यसैगरी, माछीखोला र केरौँजा जोड्ने झोलुङ्गे पुल, चुमनुब्रीको ठाडो भर्याङ र जगत जोड्ने पुलर चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुङ्गे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताइन्।
दसैँको मुखमा आएको बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङ बताउँछन्।
सर्दिभीरको क्यान्टिलिभर पुल उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका–६ चुम्लिङ र वडा नं ७ छेकम्पारका गाउँबस्ती पुग्ने एकमात्र साहारा हो।

विद्यालय पनि बगे

बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका–३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकिय अधिकृत नारायण सापकोटाको भनाइ छ।

**तीन हाइड्रो पावरमा क्षति**

बाढीका कारण उत्तरी गोरखाको तीन वटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ । चुमनुब्री–३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो । यस्तै, धार्चे गाउँपालिका–१ यारु र दोभानमा रहेको दुई वटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताए।
बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाम्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्विहीन बनेका गुरुङको भनाइ छ।

**सयबढी घरगोठ बगे**

बाढीले चुमनुब्री गाउँपालिकाको उङ्गिलुङ खोला क्षेत्रका चार गोठ बगाएका छन् । यस्तै, बूढीगण्डकी किनारमा पर्ने सल्लेरी, घट्टेखोला, पैँयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ। शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ।

**हेलीमार्फत उद्धार कार्य जारी**

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलीमार्फत उद्धार कार्य जारी छ । चुमनुब्री गाउँपालिका–३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकोप्टरमार्फत उद्धार गरेर न्याक गाउँ लगिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए।
यस्तै, धार्चे गाउँपालिका–१ यारुबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि हेलीमार्फत उद्धार भएको उनले जानकारी दिए। उनका अनुसार यारुबगरमा फसेका पर्यटक, स्थानीय र हाइड्रोपावरमा कार्यरत १८ जनालाई हेलीमार्फत हुल्चुक गाउँमा लगिएको हो।
हेलीले मनासलु क्षेत्रमा अलपत्र परेका ९० जना पर्यटक, गाइड र भरियाहरूको पनि उद्धार गरेको छ । बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा सेनाको चार वटा हेलिकप्टर परिचालन भएको थियो।

# २५ बेडको आकस्मिक कक्षमा...

अनुसार हालको १०० शय्याको स्वीकृत संरचनाअन्तर्गत २८ जना कन्सल्ट्यान्ट, आठ जना मेडिकल अफिसर र २५ जना नर्सको दरबन्दी छ । तर, अस्पतालको सेवा विस्तारसँगै आवश्यक जनशक्ति थप्ने काम अघि बढ्न सकेको छैन । संघीय सरकारको मापदण्डअनुसार ३९० शय्याको अस्पताल सञ्चालन गर्न कम्तीमा ९०० जना जनशक्ति आवश्यक पर्ने बताइएको छ । तर, अहिले अस्पतालमा करिब ४०० जना मात्र कार्यरत छन् । यसमा करार तथा डोर हाजिरीमा राखिएका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीसमेत समावेश छन्।
प्रदेश सरकारले अस्पतालमा केही भवन तथा भौतिक संरचना थप गरेको भए पनि त्यसअनुसार जनशक्ति र स्वीकृत दरबन्दी विस्तार गर्न सकेको छैन । फलस्वरूप, अस्पतालको सेवा सञ्चालन गर्न उपलब्ध जनशक्तिमाथि अत्यधिक कार्यभार परेको छ।

**पूर्वाधार विस्तारमा जोड, जनशक्ति व्यवस्थापनमा बेवास्ता**

अस्पतालको सेवा विस्तार र जनशक्ति व्यवस्थापनमा देखिएको ढिलाइले मधेश प्रदेश सरकारको स्वास्थ्य क्षेत्रसम्बन्धी प्राथमिकतामाथि प्रश्न उठाएको छ । बिरामीको चाप बढ्दै जाँदा थप भवन र शय्याले मात्र गुणस्तरीय सेवा सुनिश्चित गर्न नसक्ने भएपनि आवश्यक चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था हुन सकेको छैन।
मुख्यमन्त्री सतिशकुमार सिंहले करिब डेढ वर्षअघि अस्पताललाई २०० शय्याको बनाउने निर्णय मन्त्रिपरिषद्बाट गराएका थिए। तर, त्यससम्बन्धी कानुनी प्रक्रिया अझै पूरा भएको छैन । अस्पतालको वास्तविक सञ्चालन क्षमता ३९० शय्या पुगिसक्दा पनि स्वीकृत दरबन्दी र प्रशासनिक संरचना पुरानै अवस्थामा रहनु व्यवस्थापकीय कमजोरीको उदाहरण बनेको छ ।
अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीमध्ये कतिपयले निजी स्वास्थ्य संस्थामा समेत काम गर्ने गरेको बताइन्छ । बिरामीको अत्यधिक चाप र सीमित जनशक्तिबीच काम गर्नुपर्ने अवस्थाले सरकारी अस्पतालमा प्रभावकारी उपचार सेवा दिन थप चुनौती सिर्जना गरेको छ।
अस्पतालको जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारले पर्याप्त बजेट विनियोजन गर्न नसकेको गुनासोसमेत छ । आर्थिक वर्ष २०८२/८३ मा पहिलोपटक यस प्रयोजनका लागि एक करोड १३ लाख रुपैयाँ उपलब्ध गराइएको थियो। मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गरी दरबन्दी स्वीकृत गर्ने प्रक्रिया पाँच वर्षदेखि अलपत्र छ । पटकपटक प्रक्रिया अघि बढाइए पनि आवश्यक निर्णय हुन नसक्दा अस्पतालले जनशक्ति थप्न सकेको छैन।
मन्त्रालयका सचिव डा. प्रमोद यादवका अनुसार अस्पतालका लागि एक हजार जनशक्तिको दरबन्दी थप्ने गरी ओएन्डएम प्रक्रिया अघि बढाउन खोजिए पनि अर्थ मन्त्रालय र मन्त्रिपरिषद्बाट सहमति प्राप्त हुन सकेन । 'यस पटक एक हजार जनशक्तिको दरबन्दी थप्न हामीले ओएन्डएम गर्न स्वीकृति माग्दा क्याबिनेटले दिएन। अर्थ मन्त्रालयले त्यसमा असहमति जनायो,' उनले भने।

**बिरामीको चाप बढिरहँदा सुधारको निर्णय कहिले ?**

प्रादेशिक अस्पताल जनकपुरधाममा दैनिक हजारौँ बिरामी उपचारका लागि पुग्छन् । तर, अस्पतालको सेवा विस्तार र जनशक्ति व्यवस्थापनबीच तालमेल नहुँदा बिरामीले आधारभूत सुविधासमेत सहज रूपमा पाउन सकेका छैनन् । विशेषगरी आकस्मिक कक्षमा बेड अभाव, नर्स तथा चिकित्सकको कमी र अवलोकन वार्ड नहुँदा गम्भीर बिरामीले समेत सास्ती भोग्नुपरेको छ।
अस्पतालको क्षमता विस्तार गर्ने घोषणा र भौतिक संरचना निर्माणले मात्रै नागरिकले अपेक्षा गरेको स्वास्थ्य सेवा उपलब्ध हुँदैन । सञ्चालनमा रहेका शय्याअनुसार आवश्यक जनशक्ति, स्वीकृत दरबन्दी, उपकरण र उपचार व्यवस्थापन सुनिश्चित गर्नु राज्यको जिम्मेवारी हो । तर, १०० शय्याको स्वीकृतिमा ३९० शय्या सञ्चालन भइरहेको अस्पतालमा जनशक्ति थप्ने निर्णयसमेत अघि बढ्न नसक्नुले प्रदेश सरकारको स्वास्थ्य सेवा व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ।
बिरामीले बेड नपाएर बेन्चमा बसेर उपचार गराउनुपर्ने अवस्था अन्त्य गर्न प्रदेश सरकारले अब घोषणा होइन, आवश्यक कानुनी प्रक्रिया पूरा गरी दरबन्दी स्वीकृत गर्ने र जनशक्ति व्यवस्थापन गर्ने ठोस कदम चाल्नुपर्ने देखिन्छ।

# २५ बेडको आकस्मिक कक्षमा ५० बिरामी, ३९० बेडको अस्पतालमा जनशक्ति आधा पनि छैन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको सबैभन्दा ठूलो सरकारी स्वास्थ्य संस्था प्रादेशिक अस्पताल जनकपुरधाममा बिरामीको चापअनुसार पूर्वाधार र जनशक्ति व्यवस्थापन हुन नसक्दा आकस्मिक उपचार सेवा नै अस्तव्यस्त बनेको छ। २५ शय्याको स्वीकृति पाएको आकस्मिक कक्षमा ५० जनासम्म बिरामीको उपचार गर्नुपर्ने बाध्यता छ भने ३९० शय्या सञ्चालनमा रहेको अस्पतालमा आवश्यक जनशक्तिको आधाभन्दा पनि कम उपलब्ध छ। गम्भीर अवस्थामा अस्पताल पुग्ने बिरामीले समेत समयमै बेड, चिकित्सक र स्वास्थ्यकर्मी पाउन कठिन भइरहेको छ।

अस्पतालको आकस्मिक कक्षको अवस्था हेर्दा बिरामीको चाप र व्यवस्थापकीय कमजोरीको तस्वीर प्रस्ट देखिन्थ्यो। कक्षका २५ वटै बेड भरिएका थिए। थप उपचारका लागि राखिएका १० वटा स्ट्रेचरसमेत बिरामीले भरिएका थिए। कतिपय बिरामीलाई बेन्चमा राखेर उपचार गर्नुपरेको थियो भने उनीहरूका कुरुवा बस्ने ठाउँ नपाएर भुइँमै बस्न बाध्य थिए। महोत्तरीको भंगहा नगरपालिका–५ राजपुरकी कलिया देवी सर्पदंशको उपचारका लागि बिहीबार साँझ अस्पताल पुगेकी थिइन्। तर, बेड नपाएपछि उनले रातभरि आकस्मिक कक्ष छेउको कोठामा रहेको स्टिलको बेन्चमा बसेर उपचार गराउनुपर्‍यो।

'म राति नै उपचारका लागि आएँ। यहाँ बेड छैन। रातिदेखि यही बेन्चमा बसेर उपचार गराइरहेकी छु। आकस्मिक कक्षमै उपचार गराउन यति गाह्रो छ,' उनले भनिन्। सोही बेन्चको अर्को छेउमा महोत्तरीको बलवा नगरपालिका–१० धमौराकी १२ वर्षीया सोनाली पासवान पेट दुख्ने समस्या लिएर उपचार गराइरहेकी थिइन्। शुक्रबार बिहान अस्पताल भर्ना भएकी उनले पनि बेड पाइनन्। आर्थिक अवस्था कमजोर भएकाले निजी अस्पतालमा जान नसक्ने उनका आफन्तले सरकारी अस्पतालमै यस्तो सास्ती भोग्नुपरेको गुनासो गरे।

मिर्गौलासम्बन्धी समस्या लिएर आएका सिरहाको कल्याणपुर नगरपालिका–भेरियाका ६० वर्षभन्दा बढी उमेरका प्रदीप नायकको अवस्था पनि उस्तै थियो। बेड नपाउँदा उपचारका लागि कहाँ जाने भन्ने अन्योलमा रहेका उनले आफ्नो स्वास्थ्य अवस्था कमजोर हुँदै गएको सुनाए। 'कतै बेड नै खाली छैन। कहाँ र कसरी उपचार गराउने ? मेरो हालत ठीक छैन,' उनले भने। आकस्मिक कक्षमा सर्पदंशका बिरामीलाई लिएर पुगेका धनुषाको मिथिलाबिहारी नगरपालिका–ललियाका अजय मण्डल पनि उपचारका लागि ठाउँ खोज्दै उभिइरहेका थिए। प्रदेशकै प्रमुख अस्पताल भनिने संस्थामा बिरामीले बेडसमेत नपाउनु दुःखद भएको उनको भनाइ थियो।

**२५ शय्याको क्षमतामा ५० जनासम्मको उपचार**
प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा बिरामीको चाप यति बढेको छ कि निर्धारित शय्याले सेवा धान्न नसक्ने अवस्था छ। २५ बेडबाहेक स्ट्रेचर, बेन्च र भुइँको सहारामा समेत बिरामी राखेर उपचार गर्नुपर्ने बाध्यता छ। चिकित्सकहरूका अनुसार कतिपय समयमा ४० देखि ५० जनासम्म बिरामीलाई एकैपटक सेवा दिनुपर्छ।

'आकस्मिक कक्षको क्षमता २५ बेड हो, तर हामीले ५० बेडसम्मको सेवा दिइरहेका छौँ,' एक चिकित्सकले भने, 'बिरामीको चापअनुसार संरचना छैन। अवलोकन वार्डसमेत नहुँदा व्यवस्थापनमा थप समस्या भएको छ।' आकस्मिक कक्षमा आउने बिरामीमध्ये धेरैको अवस्था गम्भीर हुने गरेको छ। अन्य स्वास्थ्य संस्थाबाट रेफर भएर आउने बिरामीलाई तत्काल उपचार आवश्यक पर्छ। तर, सीमित बेड र जनशक्तिका कारण उनीहरूलाई आवश्यक सेवामा ढिलाइ हुने जोखिम बढेको चिकित्सकहरू बताउँछन्।

आकस्मिक कक्ष प्रशासनका अनुसार यहाँ दैनिक औसत १०० देखि १२५ जनासम्म बिरामी आउने गरेका छन्। त्यसबाहेक प्रहरी हिरासतमा रहेका २५ जनासम्म थुनुवाको स्वास्थ्य परीक्षण तथा १५ जनासम्म घाइतेको उपचारसमेत यहीँबाट गर्नुपर्छ। यति धेरै जिम्मेवारी सम्हाल्नुपर्ने कक्षमा चिकित्सकको उपस्थिति भने न्यून छ। प्रशासनका अनुसार २५ शय्याको आकस्मिक कक्षका लागि चार सिफ्टमा कम्तीमा २० जना मेडिकल अफिसर आवश्यक पर्नेमा हाल पाँच जना मात्र कार्यरत छन्। प्रत्येक सिफ्टमा कम्तीमा चार जना आवश्यक भए पनि एक जना मेडिकल अफिसरले मात्रै काम चलाउनुपर्ने अवस्था छ। प्रशासनले प्रत्येक सिफ्टमा एक जनाले सेवा दिनुपरेको जनाएको छ।

'यहाँ प्रायः गम्भीर अवस्थाका बिरामी आउँछन्। उनीहरूलाई तत्काल उपचार दिनुपर्छ। तर, थोरै जनशक्तिले सबैलाई पर्याप्त समय दिन कठिन हुन्छ,' एक चिकित्सकले भने। बेड तथा भेन्टिलेटर अभावका कारण कतिपय बिरामीलाई अन्यत्र रेफर गर्नुपर्ने अवस्था रहेको चिकित्सकहरूको भनाइ छ। उनीहरूका अनुसार आकस्मिक कक्षमा बिरामीको चाप र उपलब्ध स्रोतसाधनबीच ठूलो अन्तर छ।

**नर्सिङ सेवामा पनि चरम अभाव**
आकस्मिक उपचारमा चिकित्सकसँगै नर्सिङ जनशक्ति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। तर, प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा नर्सको दरबन्दी र उपलब्ध जनशक्तिबीच ठूलो खाडल छ। अस्पताल प्रशासनका अनुसार संघीय सरकारको निर्देशिकाअनुसार रेड बेडमा एक जना नर्स र एलो बेडमा दुई बेड बराबर एक जना नर्स आवश्यक पर्छ। यही मापदण्डअनुसार आकस्मिक कक्षमा आवश्यक नर्सको संख्या र उपलब्ध जनशक्ति यस्तो छः

– 'रेड बेडः' ६ वटा बेडका लागि चार सिफ्टमा २४ जना नर्स आवश्यक पर्नेमा आठ जना मात्र कार्यरत।
– 'एलो बेडः' १० वटा बेडका लागि २० जना आवश्यक पर्नेमा चार जना मात्र उपलब्ध।
– 'आइसोलेसन बेडः' दुई बेडका लागि चार जना आवश्यक पर्नेमा एक जना पनि कार्यरत छैनन्।
– 'ग्रिन बेडः' सात बेडका लागि आठ जना आवश्यक पर्नेमा चार जना मात्र कार्यरत।
– 'प्रोसिजर रुमः' दुई जना स्वास्थ्यकर्मी आवश्यक पर्नेमा पदपूर्ति भएको छैन।
– 'ट्रायाज सेवाः' चार सिफ्टका लागि आठ जना मेडिकल अफिसर आवश्यक पर्नेमा तीन जना मात्र कार्यरत।

यसरी चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीको अभावले आकस्मिक उपचार सेवाको कार्यभार सीमित कर्मचारीमाथि केन्द्रित भएको छ। बिरामीको चाप बढ्दा तत्काल उपचार, निगरानी र आवश्यक प्रक्रियाहरू सञ्चालन गर्न थप कठिनाइ हुने गरेको छ।

**स्वीकृति १०० शय्याको, सञ्चालन ३९० शय्यामा**
प्रादेशिक अस्पताल जनकपुरधामको समस्या आकस्मिक कक्षमा मात्र सीमित छैन। अस्पतालको समग्र क्षमता, स्वीकृत दरबन्दी र उपलब्ध जनशक्तिबीचको असन्तुलन वर्षौंदेखि कायम छ। २०१३ सालमा जानकी सार्वजनिक अस्पतालका रूपमा स्थापना भएको यस संस्थाले २०२४ सालमा १५ शय्याको स्वीकृति पाएको थियो। २०२६ सालमा २५ शय्यामा स्तरोन्नति भएको अस्पताल २०२८ सालमा ५० शय्याको जनकपुर अञ्चल अस्पताल बन्यो। त्यसपछि २०४८ सालमा यसको क्षमता १०० शय्यामा स्तरोन्नति गरियो।

संघीयता कार्यान्वयनपछि मधेश प्रदेश सरकार मातहत आएको अस्पताल मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालन हुँदै आएको छ। अहिले अस्पतालमा ३९० शय्या सञ्चालनमा छन्, तर स्वीकृत दरबन्दी भने २०४८ सालकै १०० शय्याको संरचनाअनुसार कायम छ। अस्पतालका प्रवक्ता डा. रामज्ञान यादवका अनुसार दैनिक करिब दुई हजार बिरामीले यहाँबाट स्वास्थ्य सेवा लिने गरेका छन्। बिरामीको चाप र सेवाको आवश्यकतालाई हेर्दा अस्पतालको क्षमता कम्तीमा ८०० शय्या पुर्‍याउनुपर्ने अवस्था छ। तर, सरकारले न १०० शय्याभन्दा माथिको कानुनी स्वीकृति दिएको छ, न आवश्यक नयाँ दरबन्दी स्वीकृत गरेको छ। अस्पताल निर्देशक डा. जामुन सिंहका

*बाँकी पृष्ठ ३ मा*

## भ्रष्टाचारको उजुरीपछि बुवा–छोरालाई धम्कीः
# पोखरियाका कर्मचारीमाथि छानबिन माग



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकाका एक स्थानीयले सरकारी कार्यालयमा भएको भनिएको जग्गा कित्ताकाट अनियमितताविरुद्ध उजुरी दिएपछि आफू र आफ्ना बुवालाई धम्की दिइएको तथा झुटा मुद्दामा फसाउने षड्यन्त्र भएको आरोप लगाएका छन्। उनले नापी कार्यालय र भूमि प्रशासन कार्यालय (मालपोत) पोखरियाका कर्मचारीको मिलेमतोमा कानुनविपरीत जग्गाको कित्ताकाट गरिएको दाबी गर्दै घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेका छन्।

पोखरिया नगरपालिका–४ निवासी बिनय कुमार गोढले आइतबार वीरगंजमा पत्रकार सम्मेलन गरी भ्रष्टाचारविरुद्ध उजुरी दिएपछि आफू र आफ्ना बुवा राम अशिष प्रसाद गोढमाथि दबाब र दुर्व्यवहार भएको आरोप सार्वजनिक गरेका हुन्।

बिनयका अनुसार उनले जग्गा कित्ताकाटमा भएको भनिएको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा उजुरी दर्ता गराएका थिए। उक्त उजुरीमा नापी कार्यालयका प्रमुख बब्लु पाण्डे, सर्भेक्षक उमेश प्रसाद साह तेली, अमिन सन्तोष कुमार गुप्ता तथा मालपोत कार्यालयका प्रमुख नायब सुब्बा रामजी प्रसाद साह र मुद्दा फाँटका नायब सुब्बा रामरेखा प्रसाद चौरसियाको भूमिकामाथि प्रश्न उठाइएको उनले बताए।

उनका अनुसार उजुरीसम्बन्धी पत्र २०८३ असोज १३ गते प्राप्त भएपछि सोही दिन दिउँसो करिब २ बजे उनका बुवालाई फोन गरी कार्यालयमा बोलाइएको थियो। कार्यालय पुगेपछि बुवामाथि अभद्र व्यवहार गरिएको, हातपात तथा धम्की दिइएको र झुटो मुद्दामा फसाउने प्रयास भएको बिनयको आरोप छ। 'भ्रष्टाचारविरुद्ध उजुरी दिएकै कारण हामीलाई उल्टै निशाना बनाइएको छ,' बिनयले भने, 'हामीले अनियमितताबारे छानबिनको माग गरेका हौँ, तर अहिले आफैँलाई झुटा आरोप र मुद्दामा फसाउने प्रयास भइरहेको छ।'

**सीसीटीभी बन्द गरेर फसाउन खोजिएको आरोप**
बिनयले सम्बन्धित कार्यालयमा जडान गरिएका सीसीटीभी क्यामेरा बन्द गरेर आफूहरूलाई

*बाँकी पृष्ठ ३ मा*

## विश्वकप लिग–२ः
# क्यानडाविरुद्ध नेपालको जित



**काठमाडौँ।**
आइसिसी पुरुष क्रिकेट विश्वकप लिग–२ अन्तर्गत ओमानमा जारी त्रिकोणात्मक शृङ्खलामा क्यानडाविरुद्ध नेपाल २४ रनले विजयी भएको छ। जारी लिग–२ मा नेपालको १२औँ जित हो। यो जितपछि नेपालले एकदिवसीय अन्तरराष्ट्रिय मान्यता जोगाउने सम्भावना बढेको छ। आइतबार भएको खेलमा नेपालले दिएको २३६ रनको लक्ष्य पछ्याएको क्यानडा ४८ दशमलव चार ओभरमा २११ रनमा अलआउट भयो। उसका लागि आरोन जोनसनले ४४, समित गोहेलले ३५, अखिल कुमारले अविजित ३०, श्रेयस मोभ्वा र हम्जा तारिकले २६÷२६ रन जोडे।

बाँकी ब्याटरको प्रदर्शन सन्तोषजनक देखिएन। नेपालका लागि बलिङतर्फ ललित राजवंशी, सन्दीप लामिछाने, करण केसी र नन्दन यादवले दुई÷दुई विकेट लिए। त्यसअघि मस्कटस्थित अल अमरात क्रिकेट मैदानमा टस हारेर ब्याटिङको मौका पाएको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर २३५ रन बनायो।

नेपालका लागि कप्तान रोहितकुमार पौडेलले सानदार पारी खेले। उनले १०७ बलमा आठ चौका र एक छक्कासहित १०१ रनको पारी खेलेका हुन्। यस्तै, गुलशन झाले ४८ बसिर अहमदले ३० र अर्जुन कुमालले २३ रन जोडे। क्यानडाका लागि बलिङमा अखिल कुमारले सर्वाधिक चार विकेट लिए। यो जितपछि नेपाल अङ्क तालिकाको छैटौँ स्थानमा उक्लिएको छ। नेपालले अहिलेसम्म ३३ खेलमध्ये १२ खेलमा जित र १९ खेलमा पराजय व्यहोरेको छ। यस्तै, नेपालले दुई खेलमा अङ्क बाँडेको छ। रासस

## जनकपुर हत्या प्रकरणः
# हिंसात्मक टिकटक बनाएको आरोपमा सशस्त्र प्रहरी जवानमाथि अनुसन्धान





**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा छुरा प्रहारबाट एक युवकको हत्या र अर्का युवक गम्भीर घाइते भएको घटनाका आरोपीसँग सामाजिक सञ्जालमा हिंसा प्रोत्साहन गर्ने भिडियो बनाएको आरोपमा सशस्त्र प्रहरीका एक जवान पनि अनुसन्धानमा तानिएका छन्। हिंसात्मक तथा अभद्र अभिव्यक्ति समेटिएका टिकटक र रिल्समा हत्या आरोपी इर्साद खानसँगै देखिएको भन्दै सशस्त्र प्रहरी जवान ऋषि मण्डलमाथि अनुसन्धान सुरु गरिएको हो। घटनापछि उक्त भिडियो सामाजिक सञ्जालमा पुनः भाइरल बनेसँगै जवान मण्डलको भूमिकामाथि प्रश्न उठेको छ।

जनकपुरधाममा बिहीबार साँझ इर्सादले छुरा प्रहार गर्दा जनकपुरधाम उपमहानगरपालिका–५ निवासी २४ वर्षीय आमिन साफीको मृत्यु भएको थियो। घटनामा २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते भएका छन्। प्रहरी अनुसन्धानका क्रममा इर्साद स्थानीयस्तरमा 'गुण्डा' भनेर चिनिने गरेको विवरणसमेत सार्वजनिक भएको छ। उनी र सशस्त्र प्रहरी जवान मण्डलले केही महिनाअघि सँगै सामाजिक सञ्जालका लागि भिडियो बनाएको खुलेको छ।

**खुकुरी देखाउँदै धम्की, जवान मण्डल पनि भिडियोमा**
सामाजिक सञ्जालमा भाइरल भएको एउटा भिडियोमा इर्सादले खल्तीबाट खुकुरी निकालेर प्रदर्शन गर्दै अभद्र गालीगलौज र हिंसा गर्ने चेतावनी दिएको सुनिन्छ। उक्त भिडियोमा सशस्त्र प्रहरी जवान मण्डल पनि देखिएका छन्। उनको उपस्थितिलाई लिएर प्रहरी आचरणविपरीत व्यवहार भएको भन्दै प्रश्न उठाइएको छ।

प्रहरी अनुसन्धानमा इर्सादले अर्को समुदायलाई लक्षित गरी हिंसा भड्काउने तथा सामाजिक सद्भाव बिगार्न सक्ने प्रकृतिका अन्य भिडियोसमेत बनाएको खुलेको बताइएको छ। यद्यपि, ती सामग्रीको वास्तविक सन्दर्भ र त्यसमा संलग्न व्यक्तिहरूको भूमिकाबारे अनुसन्धानबाट थप तथ्य खुल्न बाँकी छ।

आमिन साफीको हत्यापछि इर्सादसँग सम्बन्धित पुराना भिडियोहरू पुनः सामाजिक सञ्जालमा फैलिएका छन्। तीमध्ये सशस्त्र प्रहरी जवान मण्डलसमेत देखिएको भिडियो सार्वजनिक भएपछि उनीमाथि पनि कारबाही गर्नुपर्ने माग उठेको हो।

**सशस्त्र प्रहरीद्वारा जवानमाथि सोधपुछ**
सशस्त्र प्रहरी बलका मधेश प्रदेश प्रमुख डीआईजी विष्णु भट्टले जवान मण्डलमाथि अनुसन्धान भइरहेको पुष्टि गरेका छन्। उनका

*बाँकी पृष्ठ ३ मा*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन